# केदारस्युँ गाउँपालिका स्वास्थ्य नीति २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०३।०६

**१. पृष्ठभूमि**

नेपालको संविधान २०७२ ले नागरिकको मौलिक हक अन्तर्गत आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारसम्बन्धि जानकारी पाउने ब्यवस्था गरेको छ र स्थानीय तहले आफ्ना नागरिकको स्वास्थ्यको प्रत्याभूति प्रदान गर्न स्थानीय स्वास्थ्य नीति निर्माण गर्न सकिने अधिकारको सुनुश्चितता गरेको छ। यस परिप्रेक्षमा, केदारस्युँ गाउँपालिकाले सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाहको ग्यारेन्टी गर्नु अत्यन्त जरुरी छ। गुणस्तरीय, प्रभावकारी, विश्वासयोग्य, पहुँचयोग्य र आधुनिक प्रविधिसहितको स्वास्थ्य सेवा प्रवाह गरेर दिगो विकास लक्ष्य र मानव विकास सूचकाङ्कमा सुधार ल्याउँदै गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउन प्रभावकारी स्वास्थ्य सेवा प्रणालीको आवश्यकता स्पष्ट देखिएको छ।

यस गाउँपालिकाले नवजात शिशु तथा मातृ मृत्युदर घटाउने, परिवार नियोजनका साधनहरूको प्रयोग दर बढाउने, बढ्दो नसर्ने रोगको प्रकोप नियन्त्रण गर्ने, स्वास्थ्य सम्बन्धि आपतकालीन अवस्थाको तत्काल ब्यवस्थापन गर्ने, उमेर नपुग्दै गर्भधारण हुने घटनामा कमी ल्याउने, स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा सबैमा पुऱ्याउने, धूम्रपान र मद्यपान प्रयोगकर्ताको संख्या घटाउने, तथा मापदण्ड विपरीत र अवैधानिक रूपमा सञ्चालित स्वास्थ्य सम्बन्धि संस्थाहरूको नियमित अनुगमन साथै सडक दुर्घटना न्यूनीकरण गर्ने कार्यलाई प्राथमिकता दिएको छ। यसका साथैजेष्ठ नागरिक,शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्ति,सशस्त्र द्वन्द्वकालका घाइते तथा अपाङ्गता भएका व्यक्ति,एकल महिला,अति गरिब,गरिब तथा विपन्न,सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत,गुणस्तरीयर प्रभावकारी स्वास्थ्य सेवा सरल र पहुँचयोग्य बनाउने दायित्व गाउँपालिकाले निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न जनउत्तरदायी र कुशल ब्यवस्थापनको माध्यमबाट उपलब्ध स्रोतसाधनहरूको अधिकतम उपयोग गर्दै, संघीय संरचनामा स्वास्थ्य सेवा प्रणालीको विकास, बिस्तार, र सुधार गर्न तथा विद्यमान र नयाँ चुनौतीहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न केदारस्युँ गाउँपालिकाको स्वास्थ्य नीति,२०८१ तयार गरिएको छ। यो नीति गाउँपालिकाभित्रका स्वास्थ्य,खानेपानी, सफाइतथा पोषणसम्बन्धि आवश्यकताहरू र विद्यमान अवस्थालाई आधार मानी स्वास्थ्य प्रवर्द्धन,संरक्षण,सुधारर पुनर्स्थापना गर्न लक्षित छ।

**२. विगतमा गरिएका प्रयासहरू र बर्तमान अवस्था**

गाउँपालिकालेखानेपानि तथा सरसफाई ऐन, स्वास्थ्य क्षेत्रको पाश्वचित्र, एम्बुलेन्स संचालन तथा ब्यवस्थापन कार्यविधि २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ को आधारमा स्वास्थ्य सम्बन्धि नीति तथा योजना निर्माण गर्दै आएको छ। स्वास्थ्य संस्थाहरूको दर्ता,अनुगमनर नियमन मापदण्ड अनुसार गरिदै आएको छ।

संघीय सरकारबाट प्राप्त शर्तसहितका कार्यक्रम र बजेटसँग तालमेल गर्दै स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारी सेवा प्रवाह सुनिश्चित गरिएको थियो। प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकीर आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूले प्रदान गर्ने सेवाहरूलाई थप प्रभावकारी र गुणस्तरीय बनाउनका लागि औषधि तथा उपकरणहरूको अभाव हुन नदिन बजेटको ब्यवस्था गरिएको थियो।

गाउँपालिका अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा, सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा,बहिरग र अन्तरग सेवा बिस्तार, गुणस्तरीय र प्रभावकारी बनाउन अत्यावश्यक पर्ने स्रोत ब्यवस्था गरिएको छ । स्थानीय स्वास्थ्य संस्था

संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी बनाईनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरुको मनोबल बढाउने तथा स्वास्थ्य क्षेत्र सुशासन कायम गर्ने कार्यलाई प्राथमिकता दिईएको थियो। गाउँपालिकामा कोराना भाईरस रोगको संक्रमण रोगथाम, उपचार र नियन्त्रणका लागि संघिय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवस्थापन गर्दै महामारी रोग नियन्त्रण तथा प्राकृतिक ढंगले परिचालन गरिएको थियो । स्वास्थ्य सूचना प्रणालीलाई थप ब्यवस्थित र प्रभाकारी बनाउन सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाटै अनलाईन माध्यमबाट प्रतिबेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाईनुका साथै तथ्याकको गुणस्तर सुधारको लागि नियमित तथ्याक गुणस्तर परिक्षण तथा समिक्षा कार्यलाई थप व्यवस्थित गरिनेछ । स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाई मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिएको थियो । विगत बर्षदेखि संचालित जेष्ठ नागरिक, ५ बर्ष मुनिका बालबालिकाहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलब्ध गराउदै आएको निशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप ब्यवस्थित बनाइएको छ । उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला लगायतका नसर्ने रोगको पहिचान, परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइएको छ । स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्था साथै दातृ निकायहरुसँग समन्वय गरी स्वास्थ्य क्षेत्रमा स्रोतको ब्यवस्थापन गर्न पहल गरिएको थियो । सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप,परिवार नियोजन लगायतका प्रतिकारात्मक,प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याउने रणनीति अबलम्बन गरिएको छ ।

गाउँपालिकाले स्वास्थ्य क्षेत्रको प्रभावकारिता बढाउन केहि नवीनतम प्रयास गरिरहेको छ जस्तै स्वास्थ्य क्षेत्र सुधारका लागी बार्षिक कार्ययोजना तयार, रायल प्राथमिक स्वास्थ्य केन्द्र, आँखा उपचार केन्द्र स्थापना गरी सेवा संचालन, नसर्ने रोगहरुको स्कृनिङ कार्यक्रम संचालन, डेङगु नियन्त्रण कार्यक्रम, स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको क्षमत अभिबृदि कार्यक्रम संचालन गरेको छ।

स्वास्थ्य संस्थामा विशिष्ट सेवा उपलब्ध गराउन संघीय सरकारसँग समन्वय गरी गाउँपालिकाको केन्द्रमा रायल प्राथमिक स्वास्थ्य केन्द्रको नयाँ भवन निर्माण भइरहेकोछ। घरमा हुने प्रसूति प्रक्रियालाई निरुत्साहित गर्दै स्वास्थ्य संस्थामा प्रसूति गराउने महिलाको प्रतिशत बृद्धि गर्न प्रसूति केन्द्रहरूलाई व्यवस्थित र प्रभावकारी बनाइएको छ।

बझाङ जिल्लाको दक्षिण तथा पश्चिमी भागमा अवस्थित केदारस्युँ गाउँपालिका जिल्लाको मुख्य सडक खण्डसँग जोडिएको गाउँपालिका हो। उच्च पहाडी जिल्लाको रूपमा रहेको बझाङ जिल्लाकै धरातलिय विशेषता झल्काउने यस गाउँपालिका साविकका रायल, बाँझ, भामचौर र भैरवनाथ गरी ४ गा.वि.स. मिलेर बनेकोछ । जिल्लाको कुल क्षेत्रफलको ३.३ प्रतिशत भुभाग ओगटने यस गाउँपालिकाको कुल क्षेत्रफल ११३.९१ वर्ग कि.मि. रहेकोछ । राष्ट्रिय जनगणना २०८१ अनुसार यस गाउँपालिकाको जनसंख्या २१३१२ रहेकोछ जसमध्ये पुरुष ४६.२४ प्रतिशत (९८५६) र महिला ५३.७३ प्रतिशत (११४५६) रहेकोछ । जिल्लाको कुल जनसंख्या मध्ये ११.३४ प्रतिशत जनसंख्या यस पालिकामा बसोबास गर्दछन ।

स्वास्थ्य सेवामा दिगो, सर्वसुलभ, गुणस्तरयुक्त र समान पहुँच सुनिश्चित गर्न गाउँपालिकामा १ प्राथमिक स्वास्थ्य केन्द्र, १ BEONC,३ स्वास्थ्य चौकी, ३ आधारभूत स्वास्थ्य सेवा केन्द्र, २ सामुदायिक स्वास्थ्य केन्द्र,८ सुरक्षित प्रसुती केन्द्र, १२ खोप केन्द्र, र १ गाउँघर क्लिनिक सञ्चालन गरी सेवा प्रवाह गरिएकोछ। वडाहरूमा भवन निर्माण र आधारभूत स्रोत साधनको ब्यवस्थापनको प्रक्रिया गाउँपालिकाले अगाडि बढाइरहेको छ । गाउँपालिकामा ३६ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु रहेकाछन ।

स्वास्थ्य क्षेत्रमा सबैका लागि गुणस्तरीय सेवा र समान पहुँच सुनिश्चित गर्न, स्वास्थ्य सुधार योजनाअन्तर्गत विभिन्न पहलहरू अघि बढाइएका छन्। आवश्यकता अनुसार, गाउँपालिकाले स्थायी र अनुदान करार स्वास्थ्य

कर्मचारीहरूको सरुवा गर्ने, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा इन्चार्ज नियुक्त गर्नेर स्वमूल्याङ्कनको विधि निर्माण गरी त्यसलाई कार्यान्वयन गर्ने ब्यवस्था गरिएको छ।

केदारस्युँगाउँपालिका भित्र मानव सभ्यताको विकास  क्रम संगै बिभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान सीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै आएको भएता पनि औपचारिक रुपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात बि.सं २०४८ तिर ३ वटा स्वास्थ्य चौकी र रायल प्राथमिक स्वास्थ्य केन्द्र स्थापना पश्चात भएको हो । वि. सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सबैको पहुँच पु¥याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वास्थ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनिती अनुरुप वि. सं २०५० पछी भैरबनाथ, बाँझ, भामचौर स्वास्थ्य चौकी स्थापना गरिएको थियो ।

अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रूपमा परिभाषित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई अघि बढाएको आधारमागाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट अत्यावश्यक निःशुल्क उपचार सेवा सुरू गरी गाउँपालिकावासीको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने प्रयास गरिएकोछ।

नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकका रूपमा निर्दिष्ट गरे अनुसारनिःशुल्क आधारभूत स्वास्थ्य सेवाको पहुँचलाई सर्वसाधारणसम्म पुऱ्याउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरीस्थानीय तहको जिम्मेवारीलाई स्पष्ट पार्दै कार्यान्वयन गरिएकोछ।

संघीयताको कार्यान्वयनका क्रममा स्थानीय तहका स्वास्थ्य क्षेत्रका जिम्मेवारी पूरा गर्न गाउँपालिका अन्तर्गत आधारभूत स्वास्थ्य तथा सरसफाइ शाखा स्थापना गरिएको छ।जस अन्तर्गतका स्वास्थ्य चौकीहरू हस्तान्तरण भएका छन्। साथै, साबिकमा स्वास्थ्य चौकी नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

यस गाउँपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवती हुने संख्या उच्च रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने,समय भन्दा अगाडि जन्मने,कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धि समस्याहरु रहेका छन्। बिगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा क्रमश बृद्धि भएता पनी गुणस्तर सेवा अभाव छ भने पूर्वाधारको कमी,सामाजिक साँस्कृतिक मूल्य मान्यता र आदि कारणहरुले गर्दा स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा उल्लेखनीय रुपमा बृद्धि हुन सकेको छैन । आ.व २०८०/८१ को तथ्यांक अनसार ५३ प्रतिशत महिलाले मात्र स्वास्थ्य संस्थामा प्रसुती गराएको देखिन्छ। यस गाउँपालिकालाई पूर्ण खोप पालिका घोषणा गरिएकोछ।४ पटक र ८ पटक गर्भवती जाँच गराएका गर्भवती महिलाहरु क्रमश ६८ प्रतिशत र ३४ प्रतिशत रहको छ। सुत्केरी पश्चात ४ पटक जांच गराउने महिला २५ प्रतिशत रहेकाछन। परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरी रहेका १५ देखि ४९ बर्षका महिला २५ प्रतिशत रहेका छन। थप स्वास्थ्यकर्मिहरुलाई यथासिघ्र सुरक्षित प्रसुति सेवा तालिम र परिवार नियोजनका लामो अवधिका साधान सम्बन्धि तालिमको व्यबस्था गरि शत प्रतिशत संस्थागत प्रसुति सेवा दक्ष प्रसुतिकर्मिद्धारा गराउन र परिवार नियोजनको प्रयोग दर बढाउनका लागि थप पहल भैरहेको छ ।

केदारस्युँ गाउँपालिमा सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएतापनि स्वास्थ्य क्षेत्रका चुनौतीहरू अझै छन् । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

## ३. बिद्यमान स्वास्थ्य समस्या, चुनौती र अवसर

### ३.१ समस्या

केदारस्युँ गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरे पनि समाधान गर्नुपर्ने समस्या र चुनौतीहरू अझै विद्यमान छन् ।

- संविधानअनुसार सबै वडामा आधारभूत स्वास्थ्य संस्थाहरू स्थापना भए पनि भौगोलिक विकटताका कारण गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्न नसकिएको।
- स्वास्थ्यकर्मीहरूको वृत्ति विकास, प्रेरणा अभाव, र जनभावनानुसार सेवा सुधार गर्न कठिन ।
- प्रमाणमा आधारित योजना निर्माण र कार्यान्वयनका लागि गुणस्तरीय तथा एकीकृत सूचना प्रणालीको अभाव।
- निजी क्षेत्रका सूचना एकीकृत गर्न नसकिएको ।खरिद तथा आपूर्ति ब्यवस्थापनका लागि प्रक्षेपण, परिमाण निर्धारण, खरिद, गुणस्तर सुनिश्चितता आदिका लागि प्रयाप्त सूचना र भण्डारण ब्यवस्थाको अभाव।
- अत्यावश्यक तथा निःशुल्क औषधिको सहज उपलब्धताका लागि बजेट र लगानी अपर्याप्त।
- स्थानीय तहमा स्वास्थ्य सेवा प्रवाहका लागि संस्थागत क्षमता र सुशासन प्रवर्द्धन (जस्तै: वडापत्र, सामाजिक परीक्षण) प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिन।
- जलावायु परिवर्तन वातावरणीय प्रभावका कारण स्वास्थ्यमा पर्ने समस्याहरूको ब्यवस्थापनमा ढिलाइ।
- सडक दुर्घटना, व्यवसायजन्य स्वास्थ्य, मानसिक स्वास्थ्य, र अन्य उदीयमान समस्याहरूको समाधानमा कठिनाइ ।
- स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरूले अपेक्षित प्रतिफल दिन नसकेको ।स्वास्थ्य संस्थामा इन्टरनेर प्रिन्टरको अभाव ।मापदण्डअनुसार भौतिक संरचनाहरूको अभाव।
- भौगोलिक परिस्थितिका कारण औषधि र औषधिजन्य सामग्रीको ढुवानीमा कठिनाइ।
- जनसंख्याको आधारमा स्वास्थ्य जनशक्तिको अभाव।सबै स्वास्थ्य संस्थामा ल्याब सेवा र भिडियो एक्सरेको सुविधा नहुँदा सेवाग्राहीलाई असुविधा।स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको अभाव।
- प्राकृतिक तथा आयुर्वेद चिकित्सा सेवाको उपभोग र बिस्तार हुन नसकेको।

### ३.२. चुनौतीहरू

- केदारस्युँ गाउँपालिकाको भौगोलिक विशेषता र समानतामूलक दृष्टिकोणले स्वास्थ्य संस्थाहरू व्यवस्थित हुन नसक्दा सबै तह,वर्गर क्षेत्रका समुदायले आधारभूत स्वास्थ्य सेवामा समान पहुँचमा ल्याउन।
- विद्यमान स्वास्थ्य संस्थाहरूको भौतिक अवस्थाकोसमयमा सुधार र न्यूनतम पूर्वाधारसहित गुणस्तरीय सेवा उपलब्ध गराउन।
- स्वास्थ्य संस्थाहरूमा दरबन्दीअनुसारका स्वास्थ्यकर्मीहरू पूर्ति गर्न र स्वास्थ्यकर्मीहरूका लागि उचित तथा उत्साहजनक वातावरण निर्माण गर्नु।
- नसर्ने रोगहरू जस्तै क्यान्सर,मुटु,मृगौला,मधुमेह,कलेजो,फोक्सो,दाँत,मानसिक रोगलगायतको रोकथाम र सचेतनाका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्नु ।
- गरीबी,अशिक्षार चेतनाको अभावका कारण कुपोषण,स्वच्छ खानेपानीर सरसफाइको समस्याले झाडापखाला,टाइफाइडर ज्वरोजस्ता महामारी समय-समयमा फैलने गरेको।
- नवजात शिशु,बाल स्वास्थ्यर मातृ स्वास्थ्यका सेवाहरूमा अपेक्षित लक्ष्य हासिल गर्न र आर्थिक बर्ष २०८०/८१ को तथ्यांक अनुसार धैरै महिलाहरू घरमै सुत्केरी हुने र किशोरावस्थामै बच्चा जन्माउने प्रवृत्ति रहेको।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, किशोर-किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्यर विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि पर्याप्त स्वास्थ्य सेवा उपलब्ध गराउनु।

- स्वास्थ्य क्षेत्रमा गरिएको लगानीको समुचित उपयोग, नागरिकले प्राप्त स्वास्थ्य सेवार कानुनको कार्यान्वयनको प्रभावकारी अनुगमन गर्नु।
- नेपालको संविधान २०७२ ले तोकेको निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार तथा पहुँच बृद्धि गर्ने।
- स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता आवश्यकतानुसार बृद्धिगर्न र गैरसरकारी क्षेत्रको लगानीलाई पारदर्शी,प्रभावकारीर व्यवस्थित गर्नु।
- कान नसुन्ने,आँखा नदेख्ने,दृष्टि कमजोरतथा मानसिक र शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य सेवामा लगानी बृद्धि गर्ने।
- प्रयोगशाला सेवा र औषधि तथा उपकरणहरूको पर्याप्त आपूर्ति गर्नु।
- जलवायु परिवर्तन, प्राकृतिक विपदर खाद्य असुरक्षाका कारण स्वास्थ्य समस्या सम्बोधन गर्नु।
- स्वास्थ्य क्षेत्रमा पर्याप्त लगानी भए तापनि यसको सकारात्मक प्रभाव विकासका अन्य क्षेत्रमा पर्ने चेतना सम्बन्धित निकाय र आम जनतामा पूर्ण रूपमा पुर्याउनु।
- विगतदेखि निरन्तररुपमा रहेको आन्तरिक र बाह्य बसाइसराइ व्यवस्थापन गर्नु।

**३.३ अवसर**

गाउँपालिकामा स्वास्थ्य क्षेत्रका निम्न अवसरहरू छन्:

- **नीति र योजना निर्माण**:गाउँपालिकाभित्रका सामाजिक,सांस्कृतिकर भौगोलिक विशेषताका आधारमा विभिन्न नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्न सकिन्छ।
- **सूचना प्रणाली स्थापना**:एकीकृत सूचना प्रणाली स्थापना गरी सूचनाको सही प्रयोगमार्फत तथ्यमा आधारित योजना निर्माण गर्न सकिन्छ,जसले प्रविधिको अधिकतम प्रयोग र पहुँचमा बृद्धि ल्याउँछ।
- **आवधिक योजनाहरू**:स्वास्थ्य क्षेत्रमा आवधिक योजनाहरू,वित्तीय रणनीतिर लागतसहितको कार्ययोजना बनाई लागू गर्न सकिन्छ।
- **अनुगमन र जनप्रतिनिधिको सहभागिता**:जनप्रतिनिधिको उपस्थितिमा अनुगमन गर्ने ब्यवस्था र उनीहरूको उत्साह तथा उच्च प्रतिबद्धता स्वास्थ्य क्षेत्रमा सहयोग र साझेदारीका अवसरहरू प्रदान गर्छ।
- **गैरसरकारी संस्थासँग साझेदारी**:गैरसरकारी संघसंस्थाहरूको प्राथमिकतामा यो गाउँपालिका परेको सन्दर्भमाअधिकतम साझेदारी गरी स्वास्थ्य कार्यक्रम तथा प्रणाली सुधार गर्न सकिन्छ।

**४. स्वास्थ्य नीतिको निर्देशक सिद्धान्त तथा उधेश्यहरु**

माथि उल्लेखित समस्या, चुनौती तथाअवसरका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाको स्वास्थ्य नीति, २०८१ को कार्यान्वयन गरिनेछ ।

**४.१ निर्देशक सिद्धान्त**

- सबैलाई सहज,सुलभर समान गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता।
- आधारभूत स्वास्थ्य सेवाको निःशुल्क प्रवाहमा प्रतिबद्धता।
- समानता,जवाफदेहितार जनसहभागिताको सिद्धान्तमा आधारित स्वास्थ्य सेवा।
- स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै समग्र विकासलाई प्रोत्साहन।
- आवश्यक पूर्वाधार निर्माण गरी नागरिकको स्वास्थ्य सेवामा पहुँच सुनिश्चितता।
- अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा

- तथ्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यबस्थापन

## ५. गाउँपालिका स्वास्थ्य नीतिको भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ५.१ भावी सोच (Vision)

स्वस्थ, सुसंस्कृत, र समृद्ध समाजको निर्माण, सबै नागरिकलाई सुलभ,गुणस्तरीय,दिगो र समान स्वास्थ्य सेवामा पहुँच।

### ५.२ ध्येय (Mission)

सबै नागरिकको स्वास्थ्यलाई जीवनको आधारशिला मान्दैस्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग र साझेदारीमार्फत सुलभ, दिगो, गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको प्रवाह गर्दै नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.३ लक्ष्य (Goal)

स्वास्थ्य सेवा पहुँच र गुणस्तरमा सुधार गर्दैसबै नागरिकको शारीरिक,मानसिक,सामाजिक र भावनात्मक स्वास्थ्यमा समान अधिकार सुनिश्चित गर्न, समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा सुनिश्चितता गर्दैस्थानीय स्तरमा दिगो र प्रभावकारी स्वास्थ्य प्रणाली निर्माण गर्नु।

### ५.४. उद्देश्यहरू (Objectives)

**१. सार्वभौमिक स्वास्थ्य सेवा पहुँच**:सबै नागरिकलाई गुणस्तरीय र समावेशी स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नु।

२. **स्वास्थ्यमा समानता र न्याय**:सबै वर्ग, जात, र समुदायका बीच स्वास्थ्य सेवामा समान अवसर र पहुँच उपलब्ध गराउनु।

**३. स्वास्थ्य पूर्वाधारको सुधार**:स्वास्थ्य संस्थाहरूको संरचना र पूर्वाधारलाई सुधार गरी, सर्वसुलभ र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न।

४. **निवारक स्वास्थ्य सेवा प्रवर्धन**:रोगको रोकथाम र स्वास्थ्य शिक्षा को माध्यमबाट समुदायलाई सचेत गराई, स्वस्थ जीवनशैलीको अभ्यासमा प्रवृत्त गराउने।

**५. मानसिक र सामाजिक स्वास्थ्यमा ध्यान**:मानसिक स्वास्थ्य र सामाजिक स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ पार्दै, समग्र नागरिकको भावनात्मक र मानसिक स्वास्थ्यको सुनिश्चितता।

**६. स्वास्थ्य क्षेत्रमा जनसहभागिता र जागरुकता**:स्थानीय समुदायलाई स्वास्थ्य निर्णय प्रक्रियामा सहभागी गराउँदै, उनीहरूको स्वास्थ्यको हक र अधिकारका बारेमा जागरूकता फैलाउने।

**७. दिगो स्वास्थ्य ब्यवस्थापन**:स्थानीय तहमा दीर्घकालिक स्वास्थ्य प्रणालीको स्थायीत्व र दिगोपनको सुनिश्चितता गर्दै, स्रोतको प्रभावकारी प्रयोग र ब्यवस्थापनमा ध्यान दिने।

**८. आकस्मिक स्वास्थ्य सेवा सुधार**:आपतकालीन स्वास्थ्य सेवाको पहुँच र गुणस्तरीयता सुधार गर्ने, विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रमा।

**९. स्वास्थ्य क्षेत्रको लागि संसाधन जुटाउने**:स्वास्थ्य क्षेत्रमा आवश्यक आर्थिक र भौतिक संसाधनहरूको जुटाउन, स्थानीय तहबाट स्वास्थ्य बजेट र लगानीमा बृद्धि गर्न।

केदारस्युँ गाउँपालिका स्वास्थ्य नीति २०८१

## ६. नीतिहरु

६.१ पालिकाका सबै नागरिकलाई आधारभूत, आकस्मिक, गुणस्तरीयर समान स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गरिनेछ।

६.२ केदारस्युँ गाउँपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न न्यूनतम पूर्वाधारसहित निदानात्मक सेवाको बिस्तार गरिनेछ।

६.३ केदारस्युँ गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार, समायोजन गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र भौतिक संरचना, उपकरणको समुचित ब्यवस्था मिलाईनेछ।

६.४ केदारस्युँ गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरेर जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको (क्यान्सर, मधुमेह, मुटुरोग, र मानसिक रोगहरू) रोकथाम र उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै विशेष कार्यक्रम तयार गरी ब्यवस्थापन गरिनेछ।

६.५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, किशोरावस्था, परिवार नियोजनलगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पु¥याउने रणनीति अबलम्बन गरिने छ ।

६.६ केदारस्युँ गाउँपालिकाभित्र स्वास्थ्य जनशक्तिको ब्यवस्थापनलाई (पर्याप्त स्वास्थ्यकर्मी भर्ना,तालिम,वृति विकासर उनीहरूको कार्यप्रति उत्प्रेरणा) प्रभावकारी र परिणाममुखी बनाइनेछ।

६.७ तथ्यमा आधारित निर्णय र योजना निर्माणका लागि एकीकृत स्वास्थ्य सूचना प्रणालीको विकास गर्दै स्वास्थ्य सूचना प्रणालीलाई सुदृढ र गुणस्तरीय बनाई स्वास्थ्य अनुसन्धानबाट प्राप्त निष्कर्षलाई नीति, योजना, र रणनीति विकासमा प्रभावकारी रूपमा उपयोग गरिनेछ।

६.८ केदारस्युँ गाउँपालिकाका नागरिकको स्वास्थ्य बीमालाई प्राथमिकता दिई लक्षित समूह, जस्तै ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति,महिला, बालबालिका,किशोर किशोरी,सिमान्तकृत समुदायर विभेदमा परेकाहरूका लागि स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पहुँच ब्यवस्था गरिनेछ।

६.९ सरुवा र संक्रामक रोगहरूको रोकथाम,नियन्त्रणर निवारण तथा महामारी नियन्त्रणका लागि सरोकारवालासँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रूपमा परिचालन गरिनेछ।

६.१० नागरिकको पोषणस्तर सुधार्न स्थानीय उत्पादन हुने गुणस्तरीय,स्वास्थ्यप्रदर पौष्टिक खाद्य वस्तुको उत्पादन,प्रयोगर पहुँचमा बृद्धि गरिनेछ।

६.११ सरकारी र निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय,सहकार्य,अनुगमनर नियमनको ब्यवस्था गरिनेछ।

६.१२ संघीय, प्रदेश सरकार, निजी क्षेत्रर अन्य स्रोतहरूको लगानीलाई व्यवस्थित गर्दै स्वास्थ्य क्षेत्रमा केदारस्युँ गाउँपालिकाको लगानी बृद्धि गरिनेछजसले नागरिकको व्यक्तिगत खर्चलाई न्यून बनाइनेछ।

६.१३ जनस्वास्थ्य संरक्षण र प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक,रोकथामात्मक,उपचारात्मक,पुनर्स्थापनात्मकर प्रेषण सेवाका साथै लैंगिक हिंसा रोकथाम, मानसिक स्वास्थ्य र विद्यालय स्वास्थ्यको विकास तथा बिस्तार गरिनेछ।

६.१४ स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूको योजना र कार्यान्वयनमा स्वास्थ्य समुदाय र स्थानीय नेतृत्वको सहभागिता, र जनताको स्वास्थ्यसम्बन्धि सूचना पहुँचको अधिकारलाई सुरक्षित गर्दै सुशासन सुनिश्चित गरिनेछ।

६.१५ केदारस्युँ गाउँपालिकाको जनसंख्यालाई व्यवस्थित गर्दै समग्र विकासका लागि परिचालन गरिनेछ।

६.१६ जलवायु परिवर्तन र प्राकृतिक विपद्को प्रभावबाट नागरिकको स्वास्थ्य सुरक्षित गर्न विशेष योजना लागू गरिनेछ।

६.१७. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्व साधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।

**नीति अन्तर्गतका प्रमुख रणनीतिहरु**

६.१ पालिकाका सबै नागरिकलाई आधारभूत, आकस्मिक, गुणस्तरीय,सुलभर समान स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ।

६.१.१ यस केदारस्युँ गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछन।

६.१.२ भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा बिस्तार गरिनेछ।

६.१.३ केदारस्युँ गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ।

६.१.४ केदारस्युँ गाउँपालिका र सरोकारवालाहरु सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ।

६.२ केदारस्युँ गाउँपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न न्यूनतम पूर्वाधारसहित निदानात्मक सेवाको बिस्तार गरिनेछ।

६.२.१ केदारस्युँ गाउँपालिकाका स्वास्थ्य संस्थाहरूको स्तरोन्नतिका लागि पहल गरिँदै, विशेषज्ञ सेवाको बिस्तार र निदान तथा उपचार पद्धतिको सुदृढीकरण गरिनेछ। यस अन्तर्गत गाउँपालिकामा १५ बेडको अस्पताल सञ्चालनमा ल्याइनेछ।

६.२.२ वडाहरूसँग समन्वय गरी स्वास्थ्य सेवाको पहुँच नपुगेका नागरिकलाई लक्षित गर्दै स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य इकाइ,गाउँघर क्लिनिक,खोप केन्द्र,बर्थिङ सेन्टरर रोमिङ अ.न.मी. मार्फत टोल तथा बस्तीस्तरमा सेवा प्रदान गरिनेछ।

६.२.३ नाक,कान,घाटी,दन्त,स्त्री तथा प्रसूति रोग,मानसिक स्वास्थ्यर आँखा चिकित्सा सेवाको बिस्तार गर्दै नियमित उपचार सेवा प्रवाहको ब्यवस्था गरिनेछ। साथैग्रामीण भेगमा विशेषज्ञ सेवासहितका निःशुल्क घुम्ती स्वास्थ्य शिविरहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

६.३ केदारस्युँ गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार, समायोजन गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन,दरबन्दी निर्धारण,जनशक्ति ब्यवस्थापन,अनुसन्धान) स्वास्थ्य उपकरण र भौतिक संरचना, उपकरणको समुचित ब्यवस्था मिलाईनेछ।

६.३.१. केदारस्युँ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी,सरसफाई,बिजुली (वैकल्पिक ब्यवस्था सहित),इन्टरनेट सेवा,मापदण्ड अनुसार फोहोरमैला बिसर्जन सेवाको ब्यवस्था गरिने छ।

६.३.२. आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य एकाई स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने ब्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार,उपकरण,कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार ५ बर्ष भित्र क्रमागत रुपमा ब्यवस्था गरिने छ।

६.३.३. केदारस्युँ गाउपालिकामा मेडिकल स्टोर,कोल्डचेन रुम,बायोमेडिकल इन्जिनियरीङ,प्रयोगशालालाई क्रमशः स्थापना गरि ब्यवस्थित रुपमा संचालन गरिनेछ।

६.३.४. प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान शुरुगारि क्रमागत रुपमा बिस्तार गरिने छ साथै उत्कृष्ट कार्य सम्पादन गरेको स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी लाई क्रमश पुरस्कृत गरिने छ।

६.३.५ नँया संरचना अनुरूपको आपूर्ति ब्यवस्थापन प्रणाली विकास गरि विशेष गरि निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्प दंश भेनम, एच.आइ.भी, क्षय रोग कुष्ठ रोग आदि रोगहरूको औषधीको प्रभावकारी सप्लाइ चेन ब्यवस्थापन बिद्युतीय आपुर्ति ब्यवस्थापन प्रणालीबाट गरिनेछ ।

६.३.६ केदारस्युँ गाउपालिकामा आयूर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

६.४ केदारस्युँ गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरेर जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको (क्यान्सर,मधुमेह,मुटुरोगर मानसिक रोगहरू) रोकथाम र उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै विशेष कार्यक्रम तयार गरी ब्यवस्थापन गरिनेछ।

६.४.१ स्वास्थ्यलाई हानि पुऱ्याउने सुर्तिजन्य पदार्थ,मादक पदार्थ,प्लास्टिकर अन्य हानिकारक वस्तुहरूको उत्पादन र उपभोगलाई निरुत्साहित गरिनेछ।

६.४.२ सुर्तिजन्य र मादक पदार्थजस्ता हानिकारक वस्तुहरूको किनबेच र प्रयोगलाई सार्वजनिक स्थान तथा संस्थामा निषेध गरिनेछ। यी वस्तुहरूको उत्पादन,बिक्री,वितरणर प्रयोग नियन्त्रण तथा नियमन गर्न कानून बनाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

६.४.३ तोकिएका अवस्थाहरू पहिचान गर्न नियमित र विशेष स्वास्थ्य शिविरहरू मार्फत स्क्रिनिङ सेवा (एचआइभी/एड्स,क्षयरोग,क्यान्सर,मुटु रोग,मधुमेह) प्रदान गरिनेछ।

६.४.४ बढ्दो मानसिक तनाव तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवा सबै स्वास्थ्य संस्थाबाट प्रवाह गरिनेछ साथैनिश्चित स्थान र समयमा मानसिक स्वास्थ्य विशेषज्ञ शिविर सञ्चालन गरिनेछ।

६.४.५ मानसिक रोगीका लागि पुनर्स्थापना केन्द्रहरूसँग सहकार्य गरी उनीहरूलाई सेवा उपलब्ध गराउने ब्यवस्था गरिनेछ।

६.४.६ नसर्ने रोगहरूको रोकथामका लागि न्यूनतम आवश्यक सेवा प्याकेजलाई सबै स्थानीय स्वास्थ्य संस्थाबाट लागु गरिनेछ।

६.४.७ उच्च रक्तचाप,मधुमेह,मिर्गौला रोग,मुटुरोग,क्यान्सर,दमर मोटोपनाको निदान,उपचार र ब्यवस्थापन गर्न विशेष एकीकृत अभियान सञ्चालन गरिनेछ।

६.४.८ उच्च रक्तचाप र मधुमेहको उपचार सेवा उपलब्ध गराईनेछ साथैरोकथामात्मक गतिविधिहरूलाई विशेष प्राथमिकता दिइनेछ।

६.४.९ स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्न शारीरिक व्यायाम, उचित खानपान,नियमित स्वास्थ्य परीक्षणर ल्याब परीक्षणजस्ता गतिविधिहरू स्वास्थ्य संस्थासँग समन्वय गरी नियमित रूपमा सञ्चालन गरिनेछ।

६.४.१० खोपबाट बचाउन सकिने रोगहरूको उन्मूलन,निवारणर नियन्त्रणका लागि निगरानी कार्य सुनिश्चित गरिनेछ।

६.४.११ योग अभ्यास र शारीरिक ब्यायामजस्ता गतिविधिहरूलाई प्रवर्द्धन गरिनेछ साथै आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

६.५ सुरक्षित मातृत्व,बाल स्वास्थ्य,खोप,किशोरावस्था, परिवार नियोजनलगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक,उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पु¥याउने रणनीति अबलम्बन गरिने छ।

६.५.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष्य अनुसार केदारस्युँ गाउँपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व,उत्तर प्रसूती जाँच, बाल स्वास्थ्य, पोषण संग सम्बन्धित कार्यक्रमलाई वडा संग समन्वय गरी प्रभावकारी रुपमा संचालन गर्ने ब्यबस्था मिलाइने छ ।

६.५.२. स्वस्थ बिद्यालय वातावरण,बिद्यालय पोषण (दिवा खाजा) जुकाको औषधि वितरण स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा,किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि विद्यालय ब्यवस्थापनसँग सहकार्य गरिनेछ।

६.५.३ सरकारी विद्यालयमा अध्ययनरत सम्पूर्ण विधार्थीहरुको लागी बर्षको एक पटक रगत, दिशा, पिसाबको नि:शुल्क ल्याव परिक्षण गरिने छ ।

६.५.४. मातृमृत्यु दर,नवजात शिशु मृत्यु दर र बालमृत्यु दर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्ष्यहरु तय गरि उक्त लक्ष्य हासिल गर्न विशेषगरी प्रोटोकल अनुसार गर्भवती जाँच,पुर्ण संस्थागत प्रसुति,प्रोटोकल अनुसार शत प्रतिशत सुत्केरी जाँच सेवाको लागि कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ।

६.५.५.आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी किशोर किशोरी मैत्री प्रजनन् सेवा,सरसफाई प्रबर्द्धन,स्वस्थ व्यवहार प्रबर्द्धन,तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ।

६.५.६ बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ। प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नरको सुबिधा उपलब्ध गराइनेछ साथै पालीका तथा स्वास्थ्य संस्थामा आकस्मिक मातृ सुरक्षा कोष स्थापना गरीनेछ।

६.५.७ नवजात शिशु तथा बाल रोगको एकिकृत ब्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६.५.८ गाउँपालिकाको आपतकालिन स्वास्थ्य पूर्व तयारी योजनामा मातृ,नवजात शिशु र बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरतालाई प्राथमिक दिइनेछ ।

६.५.९ परिवार योजना कार्यक्रम प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थावाट ५ प्रकारको परिवार नियोजन सेवा उपलब्ध गराइनेछ।

६.६ केदारस्युँ गाउँपालिकाभित्र स्वास्थ्य जनशक्तिको ब्यवस्थापनलाई (पर्याप्त स्वास्थ्यकर्मी भर्ना,तालिम,वृति विकासर उनीहरूको कार्यप्रति उत्प्रेरणा) प्रभावकारी र परिणाममुखी बनाइनेछ।

६.६.१ विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरूप केदारस्युँ गाउँपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरि लागू गरिनेछ। स्वास्थ्य संस्थाहरूमा कार्यरत जनशक्तिको पुनरावलोकन गरी उपलब्ध जनशक्तिको भरपुर उपयोग गरिनेछ।

६.६.२ विशेषज्ञ र मध्यम स्तरका स्वास्थ्य जनशक्ति ब्यवस्थापनका लागि संघीय,प्रदेश सरकार तथा शिक्षण संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।

६.६.३ जवाफदेहिपूर्ण र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक मिश्रित दक्ष जनशक्ति पहिचान,उत्पादनर परिचालन गरिनेछ। केदारस्युँ गाउँपालिकामा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीलाई प्रोत्साहन प्रदान गरिनेछ।

६.६.४ स्वास्थ्यकर्मीको ब्यवस्थापनलाई व्यवस्थित बनाउन बृत्ति विकास प्रणाली लागू गरिनेछ।

६.६.५ स्वास्थ्य सेवामा निरन्तरता सुनिश्चित गर्न सेवा करार र पुल दरबन्दीका उपायहरू अवलम्बन गरिनेछ।

६.६.६ आवश्यकताका आधारमा स्वास्थ्य संस्थाहरूको दरबन्दी संरचना निर्धारण गरिनेछ।

६.६.७ स्वास्थ्यकर्मीहरूलाई दक्षता अभिबृद्धिका लागि विषयगत तालिम,गोष्ठीर अन्य निकायहरूसँग सहकार्य गरी आवश्यक तालिमको ब्यवस्था गरिनेछ।

६.६.८ स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि बर्षमा एक पटक अवलोकन भ्रमणको आयोजना गरिनेछ।

केदारस्युँ गाउँपालिका स्वास्थ्य नीति २०८१

६.६.९ ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकालाई विशेष सम्मानसहित बिदाई गरिनेछ साथैसमयानुकूल महिला स्वास्थ्य स्वयंसेविकाका लागि नयाँ मापदण्ड निर्धारण गरी लागू गरिनेछ।

६.७ तथ्यमा आधारित निर्णय र योजना निर्माणका लागि एकीकृत स्वास्थ्य सूचना प्रणालीको विकास गर्दै स्वास्थ्य सूचना प्रणालीलाई सुदृढ र गुणस्तरीय बनाई स्वास्थ्य अनुसन्धानबाट प्राप्त निष्कर्षलाई नीति, योजना, र रणनीति विकासमा प्रभावकारी रूपमा उपयोग गरिनेछ।

६.७.१ केदारस्युँ गाउँपालिकाभित्र स्वास्थ्य सम्बन्धि सूचना ब्यवस्थापनका लागि आवधिक रूपमा आयोजना गरिने कार्यक्रमहरूमा उत्कृष्ट अनुसन्धानकर्ता,स्वास्थ्यकर्मी तथा संस्थाहरूलाई प्रोत्साहन र प्रवर्द्धन गरी पुरस्कार प्रदान गरिनेछ।

६.७.२ केदारस्युँ गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली र अनुसन्धानबाट प्राप्त निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ।

६.७.३ केदारस्युँ गाउँपालिकामा एकीकृत स्वास्थ्य सूचना प्रणालीमा सूचनाको शुद्धता,समयबद्धतार पूर्णतामा नियमित निगरानी गर्दै गुणस्तरीय बनाइनेछ।

६.७.४ केदारस्युँ गाउँपालिकाका स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरूले स्वास्थ्य सूचनालाई प्रभावकारी र व्यवस्थित बनाउन सूचना संकलन,तथ्यांक विश्लेषणर अन्य सम्बन्धित कार्यहरू बिस्तार गरी नियमित रूपमा सञ्चालन गरिनेछ।

६.८ केदारस्युँ गाउँपालिकाका नागरिकको स्वास्थ्य बीमालाई प्राथमिकता दिई लक्षित समूहजस्तै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला,बालबालिका,किशोर किशोरी,सिमान्तकृत समुदायर विभेदमा परेकाहरूका लागि स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पहुँच ब्यवस्था गरिनेछ।

६.८.१ केदारस्युँ गाउँपालिकाका स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने सेवाहरू बालमैत्री,अपांगमैत्री,ज्येष्ठ नागरिकमैत्रीर किशोरकिशोरी मैत्री बनाइनेछ।

६.८.२ कम उमेरमा विवाह र गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा पर्ने असरलाई न्यून गर्न सचेतना अभिबृद्धि गरिनेछ। छात्राहरूको विद्यालय उपस्थितिमा निरन्तरता दिन महिनावारीका बेला आवश्यक सामग्री (जस्तै, सेनेटरी प्याड) उपलब्ध गराइनेछ।

६.८.३ अपांगता भएका व्यक्तिहरूका लागि आवश्यक सहयोगी उपचार तथा सामग्रीको ब्यवस्था गरिनेछ साथैस्वास्थ्य संस्था र सेवा प्रणालीलाई अपांगमैत्री बनाइनेछ।

६.८.४ प्रेषण प्रणाली सुदृढ गर्दै उपचारको लागि रिफर गरिएका बिरामीहरूको हकमा सम्बन्धित स्वास्थ्य निकायहरूसँग सहकार्य र सहजीकरण गरिनेछ।

६.८.५ लैंगिक हिंसा पीडित, बेवारिसे ज्येष्ठ नागरिक, अलपत्र बालबालिकार मानसिक समस्या भोगिरहेका असहाय व्यक्तिहरूको लागि पुनर्स्थापनाको ब्यवस्थापन गर्न निजी तथा सरकारी सहकार्यमा पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ।

६.८.६ रिफरल अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी ब्यवस्थापन गरिनेछ र कमजोर आर्थिक अवस्था भएका रिफरल बिरामीहरु, लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी, फरक क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका गाउँबासीको स्वास्थ्य सेवामा बिशिष्टिकृत गर्न गाउँस्तरीय स्वास्थ्य उपचार कोषको स्थापना गरी सो कोषबाट स्वास्थ्य उपचार तथा मृत्यु भएका बिरामीका आफन्तहरुलाई सहयोग गरिने छ ।

६.८.७ पालिकाबासीहरुलाई स्वास्थ्य बीमाको पहुँच भित्र ल्याइ स्वास्थ्य बीमा प्रभावकारी बनाइनेछ ।

६.८.८ राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई वडा समितिसंग समन्वय गरी गाउँपालिका भरी प्रबर्द्धन एवं बिस्तार गरिने छ ।

केदारस्युँ गाउँपालिका स्वास्थ्य नीति २०८१

६.९ सरुवा र संक्रामक रोगहरूको रोकथाम,नियन्त्रणर निवारण तथा महामारी नियन्त्रणका लागि सरोकारवालासँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रूपमा परिचालन गरिनेछ।

६.९.१ केदारस्युँ गाउँपालिकाका सबै स्वास्थ्य संस्थाबाट नियमित आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरूबाट २४ घण्टा आकस्मिक सेवा सुनिश्चित गरिनेछ।

६.९..२ गाउँपालिका भित्र सरकारी,निजीर सामुदायिक एम्बुलेन्स तथा शव वाहन सेवाहरूलाई मापदण्ड र निर्देशिका तयार गरी व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। सेवाको उपलब्धता बृद्धि गर्दै शुल्कमा नियमन गरिनेछ।

६.९.३ आकस्मिक अवस्थाहरूको तयारीका लागि केदारस्युँ गाउँपालिकाले आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाउनेछ। रणनैतिक स्थानहरूमा आवश्यक औषधि,उपकरणर सामग्री जगेडा राखिनेछ।

६.९.४ प्राकृतिक प्रकोप,महामारीर दुर्घटना जस्ता अवस्थाहरूका लागि तत्काल ब्यवस्थापन गर्न गाउँपालिका स्तरीय समिति गठन गरिनेछ। आकस्मिक स्वास्थ्य परिचालन केन्द्र प्रभावकारी बनाइनेछ।

६.९.५ दुर्गम क्षेत्रका संकटग्रस्त बिरामी (सुत्केरी,गम्भीर चोटपटक) को उद्धारका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरी हवाई माध्यमबाट सहायता प्रदान गरिनेछ।

६.९.६ संक्रामक रोगहरूको रोकथाम,नियन्त्रणर निवारणका लागि क्षयरोग,कुष्ठरोग,एड्स,किटजन्य रोगर एनिमियासम्बन्धि कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। अनुगमनको आधारमा आवश्यक परिमार्जन गरिनेछ।

६.९.७ स्वास्थ्य संस्था जन्य फोहोरको ब्यवस्थापन र निष्प्रवाह सम्बन्धि संघीय र प्रादेशिक मापदण्डलाई गाउँपालिका स्तरमा प्रभावकारी रूपमा लागू गरिनेछ।

६.१० नागरिकको पोषणस्तर सुधार गर्न स्थानीय उत्पादन हुने गुणस्तरीय,स्वास्थ्यप्रदर पौष्टिक खाद्य वस्तुको उत्पादन,प्रयोगर पहुँचमा बृद्धि गरिनेछ।

६.१०.१ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खाना (Junk food) लाई निरुत्साहित गर्ने सम्बन्धि कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ।

६.१०.२ अर्गानिक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन बृद्धि गर्न,हरित गृह तथा प्रत्येक परिवारमा सुधारिएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ।

६.१०.३ पोषणयुक्त बाल पौष्टिक आहार,दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ।

६.१०.४ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ। यस्ता खाद्य पदार्थ प्रशोधन तथा बजारीकरणका लागी साना किसानब्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ।

६.१०.५ बहुक्षेत्रीय पोषण कार्यक्रम,एकिकृत शिघ्र कुपोषण ब्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धि कार्यक्रम बिस्तार,परिष्कृत एवं प्रभावकारी बनाइनेछ। स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिनेछ।

६.१०.६ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ। स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ। कुनैपनि तयारी खानेकुराहरुमा अनिवार्य लेवलिङको ब्यवस्था गरिने छ।

६.१०.७ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ। गर्भवती र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थिति सुधार गरिनेछ।

६.१०.८ गर्भवतीहरुका लागि पोषण अवस्थाको मध्यनजर गर्दै विशेष कार्यक्रमको आयोजना गरिने छ।



केदारस्युँ गाउँपालिका स्वास्थ्य नीति २०८१

६.११ सरकारी र निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमनर नियमनको ब्यवस्था गरिनेछ।

६.११.१ गाउँपालिकामा सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय स्वास्थ्य सेवा सुधार प्रणाली लागू र सुदृढ गर्न गाउंपालिका स्तरमा गुणस्तर सुनिश्चितता कार्यसमिति गठन गरिनेछ।

६.११.२ सरकारी र निजी उपचार सेवा प्रदायक संस्था (एलोपेथिक,आयुर्वेदिक,प्राकृतिक तथा अन्य वैकल्पिक सेवा),निदानात्मक सेवा,प्रयोगशाला सेवार थेरापी सेवाका लागि मापदण्ड र निर्देशिका तयार गरी सोही अनुसार निर्देशन,संचालन अनुमतिर नियमनको ब्यवस्था गरिनेछ।

६.११.३ वातावरणीय सरसफाइ,सुर्तीजन्य तथा मदिराजन्य पदार्थको नियन्त्रण,खाद्य स्वच्छता,औषधिको उचित प्रयोगर समुचित उपचारको नियमन तथा कारवाही गर्न एक जनस्वास्थ्य अधिकृत (सम्भव भएसम्म कार्यरत स्वास्थ्यकर्मीमध्ये) तोक्ने ब्यवस्था गरिनेछ।

६.११.४ केदारस्युँ गाउँपालिकाभरिका सम्पूर्ण स्वास्थ्य संस्थाहरूको नियमन,नियमित अनुगमनर मूल्यांकनका लागि एक निर्देशिका तयार गरी लागू गरिनेछ।

६.११.५ पेशागत तथा व्यवसायिक संघ-संस्थाहरूको संचालनका लागि प्रादेशिक र संघीय नियम तथा मापदण्ड अनुसार दर्ता,नवीकरण,संचालन,अनुगमनर नियमन गरिनेछ।

६.११.६ गाउँपालिकाभित्र सञ्चालन हुने स्वास्थ्य सम्बन्धि सम्पूर्ण गतिविधिहरूको अनिवार्य अनुमति र जानकारी प्राप्त हुने ब्यवस्था गरिनेछ।

६.११.७ सबै स्वास्थ्य संस्थाहरूका लागि न्यूनतम सेवा मापदण्ड तयार गरी लागू गरिनेछ।

६.१२ संघीय,प्रदेश सरकार,निजी क्षेत्रर अन्य स्रोतहरूको लगानीलाई व्यवस्थित गर्दै स्वास्थ्य क्षेत्रमा केदारस्युँ गाउँपालिकाको लगानी बृद्धि गरिनेछ, जसले नागरिकको व्यक्तिगत खर्चलाई न्यून बनाउनेछ ।

६.१२.१ औषधिको उचित ब्यवस्थापन र वितरणका लागि केदारस्युँ गाउँपालिका स्तरमा औषधि भण्डारण (मेडिकल स्टोर) को ब्यवस्था गरिनेछ।

६.१२.२ राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई केदारस्युँ गाउँपालिकाभरी प्रवर्द्धन गर्दै बिस्तार गरिनेछ।

६.१२.३ केदारस्युँ गाउंपालिकाको कुल बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरिनेछ। यस बजेटलाई क्रमिक रूपमा बृद्धि गर्दै लगिनेछ ।

६.१२.४ अति गरिब,असहाय,द्वन्द्व पीडितर लोपोन्मुख जातिलाई परिचयपत्र वितरण गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिनेछ। लक्षित समुदायलाई विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरी सेवामा पहुँच बढाइनेछ । साथै, स्वास्थ्य बीमामा समावेश गर्न सहुलियतसहित वडासँग समन्वय गरिनेछ र निशुल्क स्वास्थ्य बिमाको ब्यवस्था गरिनेछ।

६.१२.५ केदारस्युँ गाउँपालिकाभित्र गैरसरकारी र निजी क्षेत्रबीचको सहकार्यलाई प्रवर्द्धन गर्दै प्रभावकारी नियमन गरिनेछ ।

६.१३ जनस्वास्थ्य संरक्षण र प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक,रोकथामात्मक,उपचारात्मक,पुनर्स्थापनात्मकर प्रेषण सेवाको विकास तथा बिस्तार गरिनेछ ।

६.१३.१ केदारस्युँ गाउँपालीका भित्र समुदाय,स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको ब्यवस्था गरिनेछ ।

६.१३.२ समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिनेछ ।

६.१३.३ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर,समुदाय,बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित ब्यवस्थापन र पैरवी गरिनेछ ।

केदारस्युँ गाउँपालिका स्वास्थ्य नीति २०८१

६.१३.४ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा श्वास प्रश्वास रोगको कारक मानिएको घरभित्रहुने धुँवा नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ र ५ बर्ष भित्र पूर्ण सफा चुलो गाउँपालिका घोषणा गरिने छ।

६.१३.५ घर देखि नै सरसफाई भन्ने अभियान संचालन गरिनेछ।

६.१३.६. वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त गाउँपालिकाबाट पूर्ण सरसफाई केदारस्युँ गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ।

६.१३.७. केदारस्युँ गाउँपालिका भित्र खानेपानी,हावा,ध्वनीको गुणस्तरको मापदण्ड निर्धाणर,कार्यान्वियन र नियमन गरिनेछ।

६.१३.८ जलवायु परिवर्तन, मौसम परिवर्तन,काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

६.१४ स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूको योजना र कार्यान्वयनमा स्वास्थ्य समुदाय र स्थानीय नेतृत्वको सहभागितार जनताको स्वास्थ्यसम्बन्धि सूचना पहुँचको अधिकारलाई सुरक्षित गर्दै सुशासन सुनिश्चित गरिनेछ।

६.१४.१ केदारस्युँ गाउँपालिकाभर स्वास्थ्य सेवा प्रदायक व्यक्तिहरू र संस्थाहरूको सुरक्षाका लागि प्रचलित कानुनी ब्यवस्थालाई प्रभावकारी रूपमा लागू गरिनेछ।

६.१४.२ स्वास्थ्य सेवामा ढिलासुस्ती र गुणस्तरहीन कार्यलाई निरुत्साहित गरिनेछ। स्वास्थ्यकर्मीलाई आफ्नो जिम्मेवारी र कर्तव्यप्रति जवाफदेही बनाइनेछ।

६.१४.३ स्वास्थ्य सुशासन कायम गर्न सामाजिक परिक्षण,नागरिक बडापत्रर विज्ञहरू सहित जिम्मेवार समितिहरूको ब्यवस्था गरिनेछ साथैस्वास्थ्य सम्बन्धि गुनासो सुनुवाइका लागि आवश्यक संयन्त्रहरू स्थापना गरिनेछ।

६.१४.४ स्वास्थ्य सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्था र दातृ निकायहरूलाई जनमुखी र परिणाममुखी कार्य गर्न प्रोत्साहित गरिनेछ।

६.१४.५ केदारस्युँ गाउँपालिकाको समुदायको विशिष्ट संस्कृति र परम्परालाई आत्मसात गर्दैस्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्य सम्बन्धि हकको सुनिश्चितता गरिनेछ।

६.१४.६ केदारस्युँ गाउँपालिकाका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचना तथा उपचार सम्बन्धि जानकारी प्राप्त गर्ने हकलाई सुरक्षित गर्न सूचना तथा सञ्चार प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

६.१५ केदारस्युँ गाउँपालिकाको जनसंख्यालाई ब्यवस्थित गर्दै समग्र विकासका लागि परिचालन गरिनेछ।

६.१५.१ केदारस्युँ गाउँपालिकाभित्र जन्म,मृत्यु,बसाईंसराइ र सम्बन्ध बिच्छेद जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई ब्यवस्थित गरिनेछ।

६.१५.२ जनसंख्या सम्बन्धि सूचनालाई विकास योजना तर्जुमा र कार्यक्रम विकासमा प्राथमिकतापूर्वक प्रयोग गरिनेछ।

६.१५.३ प्रत्येक बालबालिकाको अनिवार्य जन्मदर्ता समयमै गराउन ब्यवस्था गरी पाँच बर्षसम्म ट्र्याकिङ गरिनेछ। विद्यालय भर्नाका लागि जन्मदर्ता प्रमाणपत्र र खोप प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने ब्यवस्था गरिनेछ।

६.१५.४ समुदायस्तरमा भएका नवजात शिशु र मातृ मृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतिबद्ध गरिनेछ।

६.१५.५ मौसमी बसाइँसराइ,श्रम बसाइँसराइर जडीबुटी संकलनका समयमा आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिक मार्फत सेवा प्रदान गरिनेछ।

६.१५.६ वडा समितिहरूसँग समन्वय गरी दुर्गम क्षेत्रमा छरिएका तथा जोखिममा रहेका बस्तीको पहिचान गरिनेछ। एकीकृत बस्ती विकासका लागि अध्ययन र पैरवी गरी वस्ती विकास योजना तर्जुमा गरिनेछ। यसलाई संघीय र प्रदेश सरकारसँगको समन्वयमा कार्यान्वयन गर्न जोड दिइनेछ ।

६.१५.७ स्वस्थ र सुखी परिवार निर्माणका लागि वडा समिति तथा स्वास्थ्य संस्थाहरूसँग समन्वय र सहकार्यमा व्यवस्थित परिवार योजना कार्यक्रम सञ्चालन गरिनेछ।

६.१६यस गाउँपालिकाभित्र हुने अवैध क्रियाकलापहरू जस्तै बालविवाह, कम उमेरमा हुने गर्भधारण, लैंगिक हिंसा, मादक पदार्थ तथा लागूऔषध सेवन,हानिकारक प्रचलनर विभेदपूर्ण लिङ्ग छनोटजस्ता कार्यहरूलाई निरुत्साहित गरी कानूनी दायरामा ल्याइनेछ ।

६.१६.१ गाउँपालिकाको वार्षिक स्वास्थ्य कार्यक्रमहरूमा स्वास्थ्य सचेतना कार्यक्रमहरू समावेश गरिनेछ ।

६.१६.२ विभिन्न सरोकारवालासँगको समन्वयमा बालविवाह,कम उमेरमा हुने गर्भधारण,लैंगिक हिंसा,मादक पदार्थ तथा लागूऔषध सेवनर हानिकारक प्रचलनलाई निरुत्साहित गरी नियमन र प्रचलित कानुन अनुसार कारवाही गरिनेछ ।

६.१६.३ गाउँपालिकाभित्र नागरिकहरूबाट हुने विभेदपूर्ण लिङ्ग छनोटजस्ता गैरकानूनी कार्यलाई निरुत्साहित गर्न सरोकारवालासँग समन्वय र सहकार्य गरी प्रचलित कानुन अनुसार कारवाहीको सिफारिस गरिनेछ ।

६.१६.४ स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरी बहुपक्षीय,द्विपक्षीय, राष्ट्रिय, अन्तर्राष्ट्रियर बहुक्षेत्रीय सहकार्यद्वारा विकास साझेदारहरूको सहयोगलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।

६.१७. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।

६.१७.१ सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने ब्यवस्था मिलाइनेछ। औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन र नियमन गरिनेछ ।

६.१७.२ स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सूची तयार गरि औषधि उपकरण खरिद गर्दा केदारस्युँ गाउँपालिका तथा स्वास्थ्य संस्था वा वडाले खरिद गर्ने औषधिको छुट्टा छुट्टै सूची तयार गरि ब्यवहारमा ल्याइनेछ।

६.१७.३ दुर्गम क्षेत्रमा सुलभ औषधी पसल बिस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा सहुलियत दरको फार्मेसी सेवा थप गरिने छ ।

६.१७.४ प्रतिकारात्मक संभार,बिक्रि उपरान्त संभार आदी सिद्धान्तलाई ब्यवहारिक रुपमा लागु गरिनेछ। उपकरणहरुको मर्मत तथा सम्भारका लागि प्रादेशिक निकायसँग समन्वय गरिनेछ ।

**७. संस्थागत संरचना**

७.१. नीति कार्यान्वयनका लागि केदारस्युँ गाउँपालिको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन। त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तरगत सेवा प्रवाहका लागि केदारस्युँ गाउँपालिका स्तरमा प्रयोगशाला सहितको स्वास्थ्य सेवा केन्द्र वा गाउँपालिका अस्पताल स्थापना गरिनेछ ।

७.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार,प्रदेश लोक सेवा,स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसग क्षमता अविबृद्धिका लागि समन्वय गरिनेछ। स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा,आँखा उपचार सेवा,डेन्टल सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

**८. आर्थिक पक्ष**

यस नीतिको कार्यान्वयन मूलतः केदारस्युँ गाउँपालिका सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न केदारस्युँ गाउँपालिकाका सबै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणा लाई अगाडी ल्याइनेछ । नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय,सहकार्य र साझेदारी गरी आवश्यक श्रोत ब्यवस्थापन गर्न पहल गरिनेछ।

### ९. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवंम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच बर्षमा यस नीतिको समिक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

### १०. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि केदारस्युँ गाउँपालिका स्वास्थ्य ऐन कार्यान्वयन गरिनेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तरराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाइने छ। यही कार्ययोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ। वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समिक्षा गरी पुनरावलोकन गरिनेछ ।

### ११. जोखिम

यस पालिकाको बढ्दो जनआकांक्षा,भर्खरै संस्थागत स्वरुप लिई रहेको अवस्था,सिमित साधन र स्रोत,गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र विकासको मुद्दाका रुपमा स्थापना गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा पञ्चवर्षिय रणनीतिहरुले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन। यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ,गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न केदारस्युँ गाउँपालिकाको स्वास्थ्य नीति २०८१ को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ।

### १२. खारेजी

हाल सम्म यस केदारस्युँ गाउँपालिकामा स्वास्थ्य नीति तयार गरि लागू नभएकोले खारेजीको ब्यवस्था गर्नु नपर्ने देखिन्छ।